# पाठ १८

१. परमेश्वरले नोआलाई आफूले परमेश्वरमा विश्वास नगर्ने मानिसहरूको विनाश गर्न बाढी पठाइरहेको छु भन्नुभयो । के परमेश्वरले आफूले गर्छु भन्नुभएको कुरा भुल्नुभयो ?

- भुल्नुभएन ।

२. के परमेश्वरले जे गर्छु भन्नुहुन्छ त्यो सधैं गर्नुहुन्छ ?

- गर्नुहुन्छ ।

३. नोआको समयमा मानिसहरूले उहाँमा विश्वास गरून् भनेर परमेश्वरले कति समय पर्खिनुभयो ?

- १२० वर्ष ।

४. जब परमेश्वरले मानिसहरूले उहाँमा विश्वास गरून् भनेर पर्खिरहनुभएको थियो तब के परमेश्वरको रीसको पारो मानिसहरूका पापप्रति घट्यो ?

- घटेन ।

- पापप्रति परमेश्वरको रीस उहाँले दण्ड दिने समय आउने बेलासम्म बढिरहन्छ ।

५. नोआले डुङ्गा बनाइसकेपछि परमेश्वरले नोआलाई के भन्नुभयो ?

- परमेश्वरले नोआलाई तिनको परिवार लिएर डुङ्गामा चढ्न भन्नुभयो ।

- परमेश्वरले नोआलाई जनावरहरू पनि डुङ्गामा हाल्न भन्नुभयो ।

६. नोआ र तिनको परिवार कसरी डुङ्गामा चढे ?

- केवल एउटै ढोकाबाट ।

७. अरू जनावरहरू कसरी डुङ्गामा चढे ?

- केवल एउटै ढोकाबाट ।

८. नोआ र तिनको परिवार तथा सबै जनावरहरू डुङ्गामा पसिसकेपछि परमेश्वरले के गर्नुभयो ?

- परमेश्वरले ढोका बन्द गर्नुभयो ।

९. परमेश्वरले किन ढोक बन्द गर्नुभयो ?

- ताकि भित्र रहेकाहरू सुरक्षित रहून् ।

- ताकि बाहिर रहेकाहरू मरून् ।

१०. के कोही मानिस परमेश्वरको दण्डबाट उम्किन सक्छ ?

- सक्दैन ।

११. परमेश्वरले सारा पृथ्वीलाई बाढीले ढाक्ने कसरी पार्नुभयो ?

- बाढीले पृथ्वी ढाक्नको लागि परमेश्वरले माथि आकाशमा राख्नुभएको सबै पानीलाई वर्षाको रूपमा झार्नुभयो ।

१२. के मानिसहरूले त्यसअघि कहिल्यै पानी परेको देखेका थिए ?

- थिएनन ।

१३. जो डुङ्गाभन्दा बाहिर थिए ती सबै मानिसहरू के भयो ?

- तिनीहरू सबै मरे ।

१४. जो डुङ्गाभन्दा बाहिर थिए ती सबै जनावरहरू के भयो ?

- तिनीहरू सबै मरे ।

१५. के डुङ्गाभित्र रहेको कोही मऱ्यो ?

- मरेन ।

१६. परमेश्वरले नोआ र सबै मानिसहरूलाई के चिन्ह दिनुभयो ?

- ईन्द्रेणी ।

१७. ईन्द्रेणीको चिन्हको अर्थ के हो ?

- ईन्द्रेणीको चिन्हको अर्थ परमेश्वरले अब फेरि बाढीद्वारा पृथ्वीको विनाश गर्नुहुनेछैन भन्ने हो ।

१८. बाढीद्वारा पृथ्वीको विनाश नगर्ने भनी परमेश्वरले राख्नुभएको प्रतिज्ञा के अझै कायमै छ ?

- हो, छ ।

१९. नोआका छोराहरू को थिए जो अहिले पृथ्वीमा भएका सबै मानिसहरूका पुर्खा हुन् ?

- शेम, हाम र येपेत ।

- परमेश्वरले नोआ र तिनको परिवारलाई बचाए पछि धेरै वर्ष बितेर गए ।
- धेरै वर्ष बितेर गएर, धेरै केटाकेटीहरू जन्मिए, विगतको जस्तै पृथ्वी मानिसले नभरिएसम्म ।
- ती मानिसहरू को थिए जो नोआपछि जन्मिएका थिए ?
- तिनीहरू तपाईंका र मेरा सबैका पुर्खाहरू थिए ।
- के हाम्रा पुर्खाहरूलाई परमेश्वरको बारेमा थाहा थियो ?
- थियो ।
- हाम्रा पुर्खाहरूले परमेश्वरको बारेमा कसरी थाहा पाए ?
- पहिलो, हाम्रा पुर्खाहरूले परमेश्वरको बारेमा थाहा पाए किनभने बूढापाखाहरूले तन्नेरीहरूसँग परमेश्वर र उहाँले पठाउनुभएको बाढीको बारेमा कुरा गरे ।
- बूढापाखाहरू तन्नेरीहरूसँग परमेश्वर र उहाँले पठाउनुभएको बाढीको बारेमा के कुरा गरे ?
- बूढापाखाहरूले तन्नेरीहरूसँग यही भने कि परमेश्वरले पापलाई घृणा गर्नुहुन्छ त्यसैले उहाँले नोआ र तिनको परिवारबाहेक सबैको विनाश गर्नुभयो ।
- हाम्रा पुर्खाले अरू कुन तरिकाद्वारा परमेश्वरको बारेमा थाहा पाए ?

- दोस्रो, हाम्रा पुर्खाले परमेश्वरको बारेमा थाहा पाए किनभने ईन्द्रेणीले तिनीहरूलाई परमेश्वरको बारेमा भन्यो।

- ईन्द्रेणीले हाम्रा पुर्खाहरूलाई परमेश्वरको बारेमा के भन्यो ?

- यही कि परमेश्वरले मानिसलाई प्रेम गर्नुहुन्छ र उहाँले अब फेरि कहिल्यै पनि बाढीद्वारा पृथ्वीको विनाश गर्नुहुनेछैन ।

- हाम्रा पुर्खाले अरू कुन तरिकाद्वारा परमेश्वरको बारेमा थाहा पाए ?

- तेस्रो, हाम्रा पुर्खाहरूले परमेश्वरको बारेमा थाहा पाए किनभने आकाश, पहाड, नदी तथा रूखहरूले परमेश्वरको बारेमा तिनीहरूलाई बताए ।

- आकाश, पहाड, नदी तथा रूखहरूले परमेश्वरको बारेमा तिनीहरूलाई के बताए ?

- यही कि केवल परमेश्वर मात्रै परमेश्वर हुनुहुन्छ र मानिसले परमेश्वरलाई मात्रै पछ्याउनुपर्छ ।

- के ईन्द्रेणीले अहिले पनि हामीलाई परमेश्वरको बारेमा बताउँछ ?

- बताउँछ ।

- यद्यपि हाम्रा पुर्खाहरूलाई परमेश्वरको बारेमा थाहा थियो तर के तिनीहरूमध्ये धेरैले परमेश्वरमा विश्वास गरे ?

- गरेनन् ।

- हाम्रा थोरैमात्र पुर्खाहरूले परमेश्वरमा विश्वास गरे ।
- परमेश्वरलाई पछ्याउनुभन्दा हाम्रा धेरैजसो पुर्खाहरूले कसलाई पछ्याए ?
- हाम्रा धेरैजसो पुर्खाहरूले शैतानलाई र उसको झूठलाई पछ्याए ।
- हाम्रा धेरैजसो पुर्खाहरू शैतानको नियन्त्रणमा थिए ।
- हाम्रा पुर्खाहरूलाई शैतानले के गर्न भन्यो ?
- शैतानले हाम्रा पुर्खाहरूलाई सूर्य, चन्द्रमा र ताराहरूलाई बलिदान चढाउन भन्यो ।
- शैतानले हाम्रा पुर्खाहरूलाई रूखको आत्मा, नदीको आत्मा र भूतआत्माहरूलाई समेत बलिदान चढाउन भन्यो ।
- हाम्रा पुर्खाहरूले काठ र पत्थरमा मानिस र जनावरहरूको आकृति खोपे र त्यसलाई पनि बलिदान चढाए ।
- शैतानले हाम्रा पुर्खाहरूलाई परमेश्वरमा विश्वास नगर्न अगुवाइ गरिरहेको थियो ।
- शैतानले हाम्रा पुर्खाहरूलाई परमेश्वरको विरुद्धमा विद्रोह गर्न अगुवाइ गरिरहेको थियो ।
- शैतानले हाम्रा पुर्खाहरूलाई सूर्य, चन्द्रमा र ताराहरूलाई बलिदान दिन अगुवाइ गरिरहेको थियो ।

- शैतानले हाम्रा पुर्खाहरूलाई रूखको आत्मा, नदीको आत्मा र भूत आत्माहरूलाई बलिदान दिन अगुवाइ गरिरहेको थियो ।
- शैतान कसैले पनि परमेश्वरको पूजा गरेको चाहदैन ।
- हाम्रा पुर्खाहरूले तिनीहरूलाई परमेश्वरले अगुवाइ गर्नुभएको चाहेनन् ।
- हाम्रा पुर्खाहरूले खाली शैतान र अरू मानिसहरूको कुरा पछ्याए ।
- बाढी पछि हाम्रा पुर्खाहरूले पछ्याएको एकजना मानिस निम्रोद थिए ।
- निम्रोदले मानिसहरूलाई धेरै शहरहरू बनाउने आदेश दिए ।
- तीमध्ये एउटा शहर जसलाई मानिसहरूले बनाएका थिए त्यसको नाउँ बाबेल थियो ।
- बाबेलको शहरमा निम्रोदले मानिसहरूलाई ठूलो धरहरा बनाउन लगाए जो माथि परेमेश्वरसम्म पुग्ने थियो ।

आउनुस् उत्पत्ति ११:१-४ पद पढौं ।

यतिबेला समस्त पृथ्वीमा एउटै भाषा थियो अनि थोरै शब्दहरू थिए।
2 जब मानिसहरू पूर्वबाट बसाइँ सर्न थाले शिनार देशमा तिनीहरूले
समतल भूमि भेटे अनि तिनीहरूले त्यहाँ बसोबास शुरू गरे। 3 तिनीहरू
आपसमा कुरा गरे, "हामीले ईंटा बनाउनु पर्छ अनि त्यसलाई कडा
बनाउनको लागि आगोमा पोल्नु पर्छ।" यसर्थ तिनीहरूको घर बनाउदा

ढुङ्गाको सट्टामा ईंटालाई प्रयोग गरे अनि ईंटा जोड्न माटोको सट्टामा मसला प्रयोग गरे।

4 तिनीहरूले भने, “आऊ, हामी आफ्नो निम्ति एउटा शहर बनाऔं अनि एउटा धरहरा बनाऔं जसको शिखर स्वर्ग पुग्छ। हामी प्रख्यात हुनु पर्छ र यसले हामीलाई सँगठित राख्नेछ। नत्र हामी संसारभरि छरपष्ट हुनेछौं।”

- परमेश्वरले आदम र नोआलाई पृथ्वी ढाक्न भन्नुभयो र पृथ्वीको विभिन्न भागमा बस्न भन्नुभयो ।
- परमेश्वरले नोआ पछिका मानिसहरूलाई पनि पृथ्वी ढाक्न भन्नुभयो र यसको विभिन्न भागमा बस्न भन्नुभयो ।
- परमेश्वरले किन सबै मानिसहरू एकै ठाउँमा बसून भन्ने चाहनुभएन ?
- परमेश्वरले सबै मानिसहरू एकै ठाउँमा बसून् भन्ने चाहनुभएन ताकि उनीहरू परमेश्वरलाई बिर्सिऊन् ।
- परमेश्वरले सबै मानिसहरूलाई एकै ठाउँमा बसून् भन्ने चाहनुभएन ताकि उनीहरूको पाप धेरै नबनोस् ।
- परमेश्वरले मानिसलाई पृथ्वी ढाकेको चाहनुभयो तर मानिसहरूले चाहिँ सबै जना एकै ठाउँमा बस्न चाहे ।
- मानिसहरू पृथ्वीको विभिन्न भागमा छरिएर बस्न चाहेनन् ।

- मानिसहरू सबै एकै ठाउँमा बस्न चाहे ।

- त्यसकारण सबै मानिसहरू बाबेलको शहरमा बसाइँ सरे र एउटा अग्लो धरहरा बनाउन सुरू गरे ।

- मानिसहरूले बाबेलमा किन अग्लो धरहरा बनाउन सुरू गरे ?

- किनभने मानिसहरू धेरै घमण्डी थिए ।

- किनभने मानिसहरू तिनीहरूको आफ्नै नाम राख्न चाहन्थे ।

- जब मानिसहरूले धरहरा बनाउन सुरू गरे के परमेश्वरले देख्नुभएन ?

- देख्नुभयो ।

आउनुस् उत्पत्ति ११:५ पद पढौं ।

5 परमप्रभु मानिसहरूले बनाउदै गरेको किल्ला र शहर हेर्न तल आउनु भयो।

- परमेश्वरले मानिसहरूले अग्लो धरहरा बनाइरहेको देख्नुभयो ।

- परमेश्वर सबै थोक देख्नुहुन्छ ।

- परमेश्वर सबै मानिसलाई सबै ठाउँमा देख्नुहुन्छ ।

- परमेश्वर हामीमध्ये हरेकलाई सबै समयमा देख्नुहुन्छ ।

- के परमेश्वरलाई सबै मानिसहरूको सबै सोच थाहा हुन्छ ?

- हुन्छ ।

- कसैले केही कुरा सोच्न सुरू गर्नुभन्दा पहिल्यै उसको सोचको बारेमा परमेश्वरलाई पूर्ण रूपमा थाहा हुन्छ ।
- के परमेश्वरलाई मानिसको सबै शब्दहरू थाहा छ ?
- थाहा छ ।
- कसैले केही शब्दा भन्नुभन्दा पहिल्यै उसको शब्दहरूको बारेमा परमेश्वरलाई पूर्ण रूपमा थाहा हुन्छ ।
- के परमेश्वरलाई मानिसहरूको सबै काम थाहा छ ?
- थाहा छ ।
- कसैले केही काम गर्न सुरू गर्नुभन्दा पहिल्यै उसको कामको बारेमा परमेश्वरलाई पूर्ण रूपमा थाहा हुन्छ ।
- मानिसहरू ठान्छन् कि परमेश्वरले तिनीहरूलाई बिर्सनुहुन्छ ।
- के परमेश्वर मानिसहरूको बारेमा बिर्सनुहुन्छ ?
- मानिसहरू के सोच्छन् भनेर परमेश्वर कहिल्यै बिर्सनुहुन्न ।
- मानिसहरू के भन्छन् भनेर परमेश्वर कहिल्यै बिर्सनुहुन्न् ।
- मानिसहरू के गर्छन् भनेर परमेश्वर कहिल्यै बिर्सनुहुन्न ।
- मानिसहरूले आफ्नो कुरा भनेको नमानेको देखेर परमेश्वरले के भन्नुभयो ?

आउनुस् उत्पत्ति ११:६-७ पद पढौं ।

[6]तब परमप्रभुले भन्नुभयो, “हेर, तिनीहरू मिलेर एक भएका छन्,
तिनीहरूले एउटै भाषा बोल्दैछन्। तिनीहरूले के गर्ने छन् यो एउटा शुरू
मात्र हो, अब चाँडै तिनीहरूले के गर्न खोज्छन् त्यही गर्न सक्ने हुन्छन्।
[7]यसर्थ हामी तिनीहरूको माझमा जाऔं र तिनीहरूको भाषामा खलबल
पारिदिऔं जसले गर्दा तिनीहरू एक-अर्कोले बोलेको भाषा बुझ्न
नसकुन्।”

- किनभने हाम्रा पुर्खाहरूले परमेश्वरको आज्ञा मानेनन् त्यसकारण परमेश्वरले तिनीहरूलाई दण्ड दिने निर्णय गर्नुभयो ।
- परमेश्वरले दिने निर्णय गर्नुभएको दण्ड के थियो ?
- परमेश्वरले मानिसहरूलाई भिन्न भाषा दिनुहुँदैथियो ताकि तिनीहरू एकले बोलेको अर्कोले नबुझून् ।
- यदि परमेश्वरले मानिसलाई भिन्न भाषा दिनुहुन्थ्यो भने के तिनीहरू एकले बोलेको अर्कोले बुझ्न सक्ने थिए ?
- थिएनन् ।
- यदि परमेश्वरले मानिसलाई भिन्न भाषा दिनुहुन्थ्यो भने के तिनीहरू धरहरा निर्माण गर्न सफल हुन्थे ?
- हुँदैनथे ।

- यदि परमेश्वरले मानिसलाई भिन्न भाषा दिनुहुन्थ्यो भने के तिनीहरू एकै ठाउँमा बस्न सक्थे ?
- सक्दैनथे ।
- धेरै समय पहिले हाम्रा पुर्खाहरूले केवल एउटै भाषामा कुराकानी गर्थे ।
- तर हाम्रा पुर्खाहरूले परमेश्वरको आज्ञा नमानेको कारणले गर्दा र पृथ्वीको विभिन्न ठाउँमा गएर बस्न नमानेको कारणले गर्दा परमेश्वरले तिनीहरूलाई भिन्नभिन्न भाषा दिनुभयो ।
- बाबेलमा परमेश्वरले मानिसलाई भिन्नभिन्न भाषाहरू दिनुभयो ।
- अङ्ग्रेजी भाषा बाबेलबाट सुरू भयो ।
- फ्रान्सेली भाषा बाबेलबाट सुरू भयो ।
- स्पेनी भाषा बाबेलबाट सुरू भयो ।
- सबै भाषाहरू बाबेलबाट सुरू भए ।
- सबै मानिसहरूलाई भिन्नभिन्न भाषाहरू दिइसकेपछि परमेश्वरले अरु के गर्नुभयो ?

आउनुस् उत्पत्ति ११:८-९ पद पढौं ।

8 यसरी परमप्रभुले तिनीहरूलाई पृथ्वीको सम्पूर्ण सतहभरि छरपष्ट पारिदिनु भयो। यसर्थ उहाँले भवन निर्माणको काम रोकिदिनु भयो।

[9]त्यसकारण यो शहरको नाउँ बाबेल राखियो। यसप्रकार त्यस ठाउँबाट परमप्रभुले मानिसहरूलाई पृथ्वीको सतहभरि छरपष्ट पार्नु भएको थियो।

- सबै मानिसहरूलाई भिन्नभिन्न भाषाहरू दिइसकेपछि परमेश्वरले मानिसलाई पृथ्वीको चारैतिर तितरवितर पार्नुभयो ।
- परमेश्वर मानिसले पृथ्वी भरेको चाहनुहुन्थ्यो तर मानिस भने एक ठाउँमा बस्न चाहन्थ्यो ।
- मानिस या परमेश्वर कसको जित भयो ?
- परमेश्वरको ।
- के कसैले परमेश्वरको विरुद्धमा लडाइँ गरेर जित्न सक्छ ?
- सक्दैन ।
- उहाँको विरुद्धमा लडाइँ गर्नेहरूलाई परमेश्वर के गर्नुहुनेछ ?
- उहाँले तिनीहरूलाई सजाय दिनुहुनेछ ।
- परमेश्वरले मानिसलाई पृथ्वीको विभिन्न भागमा तितरवितर पार्नुभयो ।
- केही मानिसहरू नजिकै सरे ।
- केही मानिसहरू टाढा गए ।
- तपाईंका पुर्खाहरू अन्तत: कसरी यहाँ आइपुगे ?

- धेरैधरै वर्षको अन्तरालपछि तपाईंका पुर्खाहरू यहाँ पैदल हिँडेर अनि डुङ्गा चढेर यहाँ आइपुगे ।
- यसरी तपाईंहरूका मानिसहरूको सुरूवात भयो ।
- यसरी नै अरू सबै थरि मानिसहरूको सुरूवात भयो ।
- तपाईंका पुर्खाहरू बाबेलमा थिए ।
- मेरा पुर्खाहरू बाबेलमा थिए ।
- सबै मानिसहरूका पुर्खा बाबेलमा थिए ।